# टीकापुर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : १२ मितिः २०७६/०१/०४

## भाग-३

## अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०७५

**प्रस्तावना** : संविधानको मूल मर्मलाई आत्मसात गर्दै स्थानीय तहमा प्राप्त अधिकारलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्थानीय तह, सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरु वाट संचालन गरिने विकास निर्माण सम्वन्धि आयोजना र कार्यक्रमहरुको पटक(पटक अनुगमन तथा सुपरिवेक्षण गरि सुझाव, सल्लाह र निर्देशन गर्दै भ्रष्टाचारमुक्त,गुणस्तरिय र प्रभावकारिता सहितको पारदर्शिता सुनिश्चित गर्न कार्यालय वाट प्रदान गरिने सेवा सर्वशुलभ र छिटो छरितो प्रवाह गर्न कार्यक्रम र आयोजनाहरुको कार्य जनउत्तरदायी र जनसहभागिता मूलक रुपमा भए नभएको रेखदेख गर्न विकाश निर्माण सम्वन्धि विषयहरुको पहिचान र व्यवस्थापन गर्न विकास निर्माण कार्य र सेवा प्रवाह गर्ने कार्यमा सन्तुलन भए नभएको रेखदेख गर्न राज्यको नीति अनुसार योजना र कार्यकमहरु संचालन भए नभएको अध्यन अनुसन्धान गर्न संघ, प्रदेश र स्थानीय तह विच सहकार्य, सहअस्तित्व, समन्वयताका साथ कार्यान्वयन गर्नु पर्ने विकास निर्माण सम्वन्धि योजना/आयोजना र कार्यक्रमहरु प्रभावकारी रुपमा लागु गर्न कार्य भए नभएको रेखदेख गर्न अनुगमन सुपरिवेक्षण कार्यविधि आवश्यक भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ वमोजिम टीकापुर नगर कार्यपालिकाले अनुगमन तथा सुपरिवेक्षण कार्यविधि २०७५ तयार गरेको छ ।

## परिच्छेद १
## प्रारम्भ खण्ड

**१) कार्यविधिको नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम टीकापुर नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण कार्यविधि २०७५ रहनेछ ।

ख) यो कार्यविधि टीकापुर नगरकार्यपालिकावाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२) परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "कार्यविधि" भन्नाले अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०७५ लाई सम्झनु पर्दछ ।

ख) "सभा" भन्नाले नगरसभा लाई सम्झनु पर्दछ ।

ग) "कार्यपालिका" भन्नाले टीकापुर नगरकार्यपालिका लाई सम्झनु पर्दछ ।

घ) "प्रमुख" भन्नाले टीकापुर नगरपालिकाका प्रमुखलाई सम्झनु पर्दछ ।

ङ) "उप प्रमुख" भन्नाले टीकापुर नगरपालिकाका उप प्रमुखलाई सम्झनु पर्दछ ।

च) "वडा अध्यक्ष " भन्नाले टीकापुर नगरपालिकाका वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

छ) "वडा सदस्य " भन्नाले टीकापुर नगरपालिकाका वडा सदस्यलाई सम्झनु पर्दछ ।

ज) "समिति" भन्नाले नगरपालिका/वडा स्तरिय अनुगमन समितिलाई सम्झनु पर्दछ ।

झ) "कार्यालय" भन्नाले टीकापुर नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ञ) "योजना" भन्नाले आयोजना तथा कार्यक्रम समेत लाई सम्झनु पर्दछ ।

ट) "कार्यक्रम" भन्नाले विषयगत शाखा तथा समिति द्धारा संचालन गरिने विभिन्न किसिमका तालिम, गोष्ठि, सेमिनार, अभिमुखीकरण, प्रशिक्षण सम्वन्धि कार्यक्रम लाई सम्झनु पर्दछ ।

ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले टीकापुर नगरपालिका नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ ।

ड) "नगरपालिका" भन्नाले टीकापुर नगरपालिकालाई सम्झनु पर्दछ ।

ढ) "तोकिएको वा तोकिए वमोजिम" भन्नाले स्थानीय सरकार संचालन ऐन अर्न्तगत वनेको नियममा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्दछ ।

ण) "वडा समिति" भन्नाले टीकापुर नगरपालिकाका वडा समिति सम्झनु पर्दछ।

त) "संविधान" भन्नाले नेपालको संविधान लाई सम्झनु पर्दछ ।

थ) "अनुगमन" भन्नाले नगर क्षेत्रमा संचालित विकास निर्माण सम्वन्धि योजना /आयोजना तथा कार्यकमहरुलाई थप प्रभावकारी र गुणस्तरिय वनाउन कार्य प्रगतीको अवस्था विल, भर्पाई निर्णय अभिलेख रेखदेख गर्ने कार्यलाई सम्झनु पर्दछ ।

द) "सुपरिवेक्षण" भन्नाले विकास निर्माण सम्वन्धि सम्पुर्ण योजना को कार्य गुणस्तरिय, प्रभावकारी र दिगो भए नभएको निरिक्षण गर्ने, विकास निर्माण सम्वन्धि थप विषयमा अध्यन अनुसन्धान गर्ने वा योजना आयोजना तथा कार्यकमहरुको सम्पूर्ण कार्य प्रक्रिया नियमानुसार भए नभएको चेक जाँच गरी आवश्यक सुझाव, सल्लाह र निर्देशन दिने कार्यलाई सम्झनु पर्दछ ।

ध) "उपभोक्ता" भन्नाले आयोजनावाट प्रत्यक्ष लाभान्वित हुने आयोजना संचालन हुने क्षेत्र भित्रका व्यक्तिलाई जनाउछ ।

न) "उपभोक्ता समिति" भन्नाले आयोजनाको निर्माण, संचालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ताले आफूहरु मध्येवाट गठन गरेको समिति सम्झनु पर्दछ ।

## परिच्छेद - २
## अनुगमन खण्ड

३) उद्देश्य

१) संघ, प्रदेश, स्थानीय तह, गैसस तथा दातृ संस्था वा साझेदारीमा नगरपालिकामा संचालित योजना तथा विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको नियमित रुपमा अनुगमन एवं सुपरीवेक्षण गर्ने गराउने वा सो को प्रवन्ध मिलाउने ।

२) नगरपालिका भित्रका विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन भए नभएको सम्वन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गर्ने ।

३) नगरपालिका भित्र संचालन हुने भौतिक, सामाजिक, पर्यावरणीय तथा सामाजिक विकास कार्यमा गुणस्तर कायम गर्न सम्वन्धित पक्षलाई परिचालन गर्ने ।

४) विकास आयोजनाहरू संचालनमा देखिएका वाधा अड्काउ फुकाई कार्यान्वयनमा

प्रभावकारिता ल्याउने ।

५) संचालित योजना तथा आयोजनाहरू तोकिएको समयमा सम्पन्न गराउन सहयोग पुऱ्याउने ।

६) सघन अनुगमनको माध्यमबाट संचालित योजना तथा आयोजनाहरूको समस्याहरूको पहिचान गरी सम्बन्धित निकायलाई सुधारका लागि सुझाव सहित सचेत गराउने र सचेत गराउँदा समेत वेवास्ता गरेमा प्रदेश वा संघमा लेखि पठाउने ।

७) अनुगमनको क्रममा योजना तथा आयोजनाहरूको संचालनमा ढिलासुस्ती, लापरवाही, चुहावट र श्रोतको दुरुपयोग देखिएमा सो को नियन्त्रणका लागि आवश्यकता अनुसार सुझाव दिने र सो को पालना भए नभएको ताकेता गर्ने।

८) कुनै पनि दुई वा बढी निकाय बीच साझा चासो र जिम्मेवारीका कारण आयोजना कार्यान्वयनमा पर्ने असर र प्रभावको अनुगमन गरी सहजीकरण गर्ने ।

९) प्रभावकारी अनुगमन तथा सुपरिवेक्षणका माध्यमबाट नगरपालिकाको दीगो विकासमा सहयोग पुऱ्याउने ।

१०) विषयगत शाखाद्वारा संचालन गरिने विभिन्न कार्यक्रमहरु प्रभावकारी रुपमा लागू गर्न अनुगमन तथा सुपरिवेक्षण गरी सुझाव, सल्लाह र निर्देशन दिने ।

११) चालु तथा पुँजीगत खर्च द्वारा संचालित सम्पुर्ण योजना, आयोजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षण गरी मात्र भुक्तानी दिईनेछ ।

**४) लक्ष्य :-**

१. संचालित योजना/आयोजनाहरुको प्रभावकारी कार्यान्वयनका साथै गुणस्तरीयता कायम गर्ने,

२. संचालित योजना/आयोजनाहरु प्रति उपभोक्ताहरुको अपनत्पको भावना जागृत गराई दिगो विकासमा जोड दिने,

३. निर्धारित समयमा योजना/आयोजनाहरु सम्पन्न गर्ने/गराउने,

४. सुशासन कायम गर्ने/गराउने ।

**५) अनुगमन तथा सुपरिवेक्षण समिति :** नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, को दफा (१६), स्थानीय तहको बार्षिक योजना तथा वजेट तर्जुमा दिग्दशन (परिमार्जित),२०७४ मा भएको व्यवस्था अनुसार नगरपालिका भित्र संचालनमा रहेका राष्ट्रिय गौरवका योजना, संघ, प्रदेश, नगरपालिकाका, गैसस तथा दातृ संस्थावाट संचालित विकास निर्माण तथा

सेवा सम्बन्धी योजना तथा आयोजनाहरूको अनुगमन तथा सुपरिवेक्षण गर्नका लागि देहाय बमोजिमको समिति रहेनेछ ।

क) नगरपालिका स्तरिय योजना अनुगमन तथा सुपरिवेक्षण समिति

- नगरपालिकाका उप प्रमुख - संयोजक
- प्रमुख प्रशासकिय अधिकृत - सदस्य
- प्रमुखले तोकेका एक जना महिला सहित कार्यपालिकाका सदस्यहरु मध्येबाट २ जना - सदस्य
- योजना तथा अनुगमन उपशाखा - सदस्य सचिव

उक्त समितिमा सम्बन्धित वडाको अध्यक्ष तथा सम्वन्धित शाखा प्रमुखहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

ख) वडा स्तरिय योजना अनुगमन समिति : आफ्नो वडा भित्र सञ्चालित योजनाको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताका आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागी निम्न अनुसारको वडास्तरीय अनुगमन समिति गठन गर्नु पर्नेछ ।

- सम्वन्धित वडाको अध्यक्ष - सयोजक
- वडा सदस्यहरु - सदस्य
- वडा सचिव - सदस्य सचिव

उक्त समितिमा आवश्यक्ता अनुसार कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ । समितिले अनुगमन गर्दा देखिएका विषयका सम्वन्धमा अनुगमन तथा सुपरिवेक्षण समितिलाई नियमित रुपमा जानकारी गराउनु पर्नेछ । गैह्रसरकारी संघ संस्थाहरुवाट संचालित कार्यक्रमहरुको अनुगमन परियोजना सल्लाहकार समितिले समेत गर्ने छ ।

**६) अनुगमन समितिको काम कर्तव्य र अधिकार :**

अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

१. आयोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागी आवश्यक समन्वय गर्ने ,

२. आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकीन गर्ने र नगरेको पाइएमा सम्वन्धित पक्षलाई सचेत गराउने ,

३. अनुगमन समितिका सदस्यहरुले आवश्यक ठानेमा जुनसुकै समयमा

आयोजनाको छड्के जाँच गर्न सक्नेछ ,

४. आवश्यक अन्य कार्य गर्ने ।

**७) अनुगमनका विषय क्षेत्र :**

१) योजना/आयोजना/कार्यक्रमको छनौट प्रक्रिया (पहिचान, प्राथमिकीकरण, छनौट),

२) आयोजनाको कूल लागत अनुमान ।

३) योजना/आयोजना/कार्यक्रमको सामाजिक समावेशीकरण, दिगो विकास जस्ता अन्तर सम्बन्धित विषय,

४) योजना/आयोजना/कार्यक्रमको संचालन कार्यान्वयन अवस्था,

५) आयोजना संचालनको निर्धारित समय तालिका लगायत समग्र कार्ययोजना,

६) जनसहभागिता तथा आपसी समन्वयको अवस्था,

७) योजना/आयोजना/कार्यक्रम कार्यान्वयनमा देखा परेका प्रमुख समस्या,

८) योजना कार्यान्वयनको अवस्था,

९) अनुगमन गर्ने विषयको क्षेत्र, संख्या, प्रकृति र गाम्भिर्यताको आधारमा अनुगमन तथा सघन अनुगमन गर्न सकिने छ ।

**८) अनुगमन तथा सुपरिवेक्षण विधि :**

१. कार्यपालिकामा एकीकृत कार्यान्वयन कार्ययोजाना पेश गरेको १५ दिन भित्र अनुगमन तथा सुपरिवेक्षण समितिले वार्षिक अनुगमन कार्ययोजना वनाई कार्यान्वयन गर्नुपर्नेछ ।

२. अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा पेश गरी कार्यपालिकाको वैठकमा छलफल गर्नु पर्नेछ ।

३. कार्यपालिकाले अनुगमन तथा सुपरिवेक्षण समितिको प्रतिवेदन समेतको आधार मा योजना कार्यान्वयनमा देखिएका त्रुटिहरु सच्याउन तथा समय र गुणस्तर कायम गर्न सम्वन्धित पक्ष (उपभोक्ता समिति, निर्माण व्यवसायी, परामर्शदाता, तथा कर्मचारी) लाई आवश्यक निर्देशन दिनु पर्नेछ। अनुगमन तथा सुपरिवेक्षण समितिले दिएको निर्देशन पालना गर्नु सम्बन्धित पक्षको जिम्मेवारी हुनेछ ।

**९) अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमन तथा सुपरिवेक्षण गर्दा निम्न उपायहरु अवलम्बन गर्न सक्नेछ :**

१. आयोजना स्थलमा उपस्थित भई प्रत्यक्ष अवलोकन गरेर,

२. आयोजना स्थल वरपरका उपभोक्ताहरुसँग संवाद, छलफल तथा प्रश्नावली गरेर,

३. आयोजना कार्यान्वयन पक्षले पेश गरेका कागजातहरुको जाँच गरेर,
४. आयोजना निर्माणको तस्वीर वा फोटाहरु तुलना गरेर ।

**१०) अनुगमनको समीक्षा, सुझाव, निर्देशन र प्रतिवेदन सम्बन्धि व्यवस्था**

१) अनुगमन तथा सुपरिवेक्षण समितिका पदाधिकारीहरुले अनुगमनमा जानु पहिले बैठकमा अनुगमन कार्ययोजनाको निमार्ण गरी अनुगमनको क्षेत्र, विषयहरुको निर्धारण गर्नु पर्ने ।

२) अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको अनुगमनको प्रतिवेदन नतिजा उपर छलफल एवं समीक्षा गरी सम्बन्धित पक्षलाई सुधारका लागि सुझाव वा निर्देशन दिन सक्नेछ । तर यस प्रकारको समीक्षा बैठक आवश्यकता अनुसार बैठक बस्न पनि कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन ।

३) अनुगमन समितिले दिइएको सुझाव वा निर्देशन योजना तथा आयोजना संचालन गर्ने निकायले कार्यान्वयन नगरी ढिलासुस्ती गरेमा नगरपालिकाले काम रोक्का गर्न वा कारवाही गर्न सक्नेछ ।

४) अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमन पश्चात् दिएको सुझाव/निर्देशनको पालन गर्नु सम्वन्धित सम्वद्ध पक्षको कर्तव्य हुनेछ ।

५) सघन अनुगमन प्रतिवेदनको ढाँचा तयार गरी पेश गर्नु पर्नेछ । अनुगमन सूचीमा विषय क्षेत्र हेरी नगरपालिकाले परिमार्जन गर्न सक्नेछ । योजनागत अनुगमन प्रतिवेदनको ढाँचा अनुसूची १ बमोजिम हुनेछ ।

६) अनुगमन तथा सुपरिवेक्षण समिति तथा वडा स्तरिय अनुगमन समितिले नगर पालिकामा अनुगमन गरे पश्चात अनिवार्य रुपमा नगरपालिकामा प्रतिवेंदन पेश गर्नु पर्ने छ । प्रतिवेदन पेश नभएको अनुगमन मान्य हुनेछैन ।

७) आयोजना/कार्यक्रक कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन लगायत प्रचलित कानूनको अधिनमा रही गरे नगरेको ।

**११) अनुगमनमा संलग्न पदाधिकारीहरूको सुविधा सम्बन्धी व्यवस्था**

१) अनुगमन तथा सुपरिवेक्षणको सिलसिलामा आयोजना तथा योजना अनुगमनका लागि योजनास्थलमा जाँदा अनुगमन सुपरिवेक्षण समितिका पदाधिकारीहरूले कार्यालयमा रहेका सवारी साधनको प्रयोग गर्नु पर्नेछ । तर कार्यालयमा सवारी साधन नभएमा वा पर्याप्त नभएमा आवश्यक पर्ने सवारी साधनको प्रवन्ध कार्यालयले मिलाउनु पर्नेछ ।

२) अनुगमनमा जाँदा अनुगमनका पदाधिकारीहरू एवं आमन्त्रित कर्मचारी वा

विशेषज्ञले नगरपालिकाले तोके अनुसारको अनुगमन भत्ता पाउने छन् ।

**१२) योजना तथा कार्यक्रमहरुको वजेट भुक्तानी सम्वन्धमा**

१. वडा स्तरिय, नगर स्तरिय योजना तथा कार्यक्रमको अन्तिम भुक्तानी गर्दा सन्चालित योजनाको कार्यसम्पन्न प्रतिवेदन रनिङ्ग विल, आवश्यक विल भरपाई, सार्जनिक परीक्षण प्रतिवेदन र नियमानुसार पेश गर्नु पर्ने अन्य आवश्यक कागजातको आधारमा नगर स्तरिय अनुगमन तथा सुपरिवेक्षण समिति र वडा स्तरिय अनुगमन तथा सुपरिवेक्षण समितिको सिफारिसका आधारमा भुक्तानी गर्नु पर्नेछ । जसमा रु.५,००,०००/( भन्दा कम रकम भएको वडा स्तरीय योजनाको हकमा वडा स्तरिय योजना अनुगमन तथा सुपरिवेक्षण समितिको अनुगमन पश्चात सिफारिशका आधारमा नगरस्तरिय अनुगमन तथा सुपरिवेक्षण समितिले सिफारिस गरे पश्चात भुक्तानी गरिनेछ भने रु.५,००,०००/- भन्दा बढी रकम भएको योजनाको हकमा सम्वनिधत वडा स्तरिय अनुगमन सुपरिवेक्षण समिति र नगरपालिका स्तरिय योजना अनुगमन तथा सुपरिवेक्षण समिति दुवैबाट अनुगमन गरे पश्चात गरिने सिफारिशका आधारमा भुक्तानी गरिनेछ ।

## परिच्छेद ३
## विविध खण्ड

**१३) बाधा अडकाउ फुकाउ, परिमार्जन, संशोधन र खारेजी सम्बन्धी व्यवस्था**

१) यस कार्यविधि कार्यान्वयमा कुनै बाधा अडकाउ परेमा नगरकार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

२) कार्यविधिलाई आवश्यकता अनुसार टीकापुर नगरकार्यपालिकाले निर्णय गरी परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

३) टीकापुर नगरपालिका भित्र संचालित सरकारी तथा गैह्सरकारी संघ संस्थाहरुको हाल सम्म भए/गरेका अनुगमन तथा सुपरिवेक्षण सम्वन्धि कार्य यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

अनुसूची-१
टीकापुर नगरपालिका
टीकापुर, कैलाली
आयोजनाहरूको अनुगमन प्रतिवेदनको ढाँचा

अनुगमन मिति: ..............................

१) योजना/आयोजनाको संक्षिप्त विवरण:

क) योजना/आयोजना संचालन गर्ने तह/निकाय:

ख) योजना/आयोजनाको नाम:

ग) संचालन स्थान:........................... गा.पा.: ................ वडा नं.: .......

घ) कूल लागत रु.: ..........

ङ) स्वकिृत श्रोतहरू

क) सम्बन्धित स्थानीय सरकारबाट रु:

ख) उपभोक्ताबाट रु:

ग) नेपाल सरकारबाट रु.

घ) प्रदेश सरकारबाट रु.

च) अन्य: .................................. बाट रु.

छ) योजना/आयोजना सम्झौता मिति:

ज) योजना/आयोजना सम्पन्न गर्नु पर्ने मिति:

झ) म्याद थप भएको भए थप म्याद:

ञ) उपभोक्ता समितिको अध्यक्षको नाम, ठेगाना वा ठेकेदारको नाम, ठेगाना:

ट) पेश्की/भुक्तानी भएको रकम

-प्रथम किस्ता रु:

- दोश्रो किस्ता रु:

- तेश्रो किस्ता रु.

जम्मा:

२) संचालित योजना/आयोजनाको अवस्था

क) प्राविधिक मूल्याङ्कन भईसकेको भए सोको प्रगति प्रतिशत:

ख) उपभोक्ता समितिको सक्रियता भएको/नभएको:

ग) भौतिक रुपमा हेर्दा देखिने अवस्था:

घ) कार्यतालिका अनुसार कार्य भए/नभएको:

ङ) निर्माण समाग्रीहरूको निर्माण स्थलमा देखिएका भए सोको विवरण

| क.सं. | सामाग्रीको नाम | अनुगमन परिणाम | अनुमानित मूल्य |
|---|---|---|---|
| क) | | | |
| ख) | | | |
| ग) | | | |
| घ) | | | |
| ङ) | | | |

३) योजना/आयोजना कार्यान्वयमा देखा परेका समस्याहरू:

उपभोक्ता समितिको भनाई

क) ख)

ग) घ)

अनुगमन तथा सुपरिवेक्षण कर्ताको दृष्टिकोणमा देखा परेका समस्याहरू:

क) ख)

ग) घ)

४) उपभोक्ता समितिका अध्यक्ष/उपाध्यक्ष/वडाध्यक्षको दृष्टिकोण

क) ख)

ग) घ)

५) योजना/आयोजना सम्पन्न गराउनका लागि सुझावहरू (अनुगमनकर्ताको दृष्टिकोण)

क) ख)

ग) घ)

६) अनुगमनको क्रममा सम्पर्क गरिएका स्थानीय व्यक्तिहरू

| क.सं. | नाम, थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

७) अन्य : रकम पेश्की लगेर हालसम्म कार्य प्रारम्भ नै गरेको छैन भने,

क) रकम पेश्की लग्ने व्यक्ति संग सम्पर्क भयो भएन यदि भएको भए निजको भनाई के छ ?

ख) निजको कावु वाहिरको परिस्थितिले कार्य प्रारम्भ गर्न नपाएको हो वा लापर वाही गर्ने सोचाइ राखेको हो अनुगमनकर्ताको राय,

ग) निज सम्पर्क नै हुन सकेन भने निज कहाँ छन् ? निजको परिवारका नाता पर्ने सदस्यको भनाई

८) अनुगमनकर्ताद्वारा अनुगमनको समयमा योजना कार्यान्वयनको सिलसिलामा ठेकेदार/उपभोक्ता समितिलाई दिइएको निर्देशन

९) योजना/आयोजनाको गुणस्तर

अनुगमनकर्ताको नाम, थर:
क) पद:
ख) दस्तखत:
ग) मिति:

अनुगमनकर्ताको नाम, थर:
क) पद:
ख) दस्तखत:
ग) मिति:

अनुगमनकर्ताको नाम, थर:
क) पद:
ख) दस्तखत:
ग) मिति:

अनुगमनकर्ताको नाम, थर:
क) पद:
ख) दस्तखत:
ग) मिति:

अनुगमनकर्ताको नाम, थर:
क) पद:
ख) दस्तखत:
ग) मिति:

## अनुसूची-२
## टीकापुर नगरपालिका
## टीकापुर, कैलाली
## योजना/आयोजना सुपरिवेक्षण पश्चात् भर्नु पर्ने फारामको नमूना

आ.व.: ..........................

अवधि: ............................ देखि .................. सम्म

स्थानीय तह: ..............

| स. क्र. | आयोजनाको नाम | योजनाको ठेगाना गर्ने मुख्य निकाय वा व्यक्ति | यस अवधिको लक्ष्य | यस अवधिको प्रगति | प्रगति प्रतिशत | लक्ष्य अनुसार प्रगति हुन नसक्नाको कारण वा बढी प्रगति हुनका कारण | कम प्रगति भएकोमा अर्को अवधिमा पुरा गर्न लिने रणनीति | समस्या समाधान गरिएका उपायहरू | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

आज्ञाले,
टोपेन्द्र बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत
टीकापुर नगरकार्यपाकिाको कार्यालय